bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY

**विशेषज्ञ चिकित्सकहरूबाट स्वास्थ्य परीक्षण सम्बन्धी सूचना**

१) **डा. जय बहादुर खत्री** : (नशा, मानसिक, छारेरोग तथा लागु औषध विशेषज्ञ (हरेक महिनाको दोस्रो शनिबार)
२) **डा. भोजराज अधिकारी** : (हाड जोर्नी, नशा रोग विशेषज्ञ (हरेक महिनाको दोस्रो र चौथो शनिबार)
३) **डा. हेमन्त मानन्धर** : (हाड जोर्नी तथा नशा रोग विशेषज्ञ : हरेक महिनाको पहिलो र तेस्रो शनिबार)
४) **डा. अजय कुमार** : (छाला, यौन रोग तथा कुष्टरोग विशेषज्ञ (हरेक महिनाको पहिलो र तेस्रो शनिबार)
५) **डा. दिपक राज काफ्ले** : (प्रसुति तथा स्त्रीरोग विशेषज्ञ (हरेक महिनाको पहिलो, दोस्रो र तेस्रो शनिबार)
६) **डा. सुरज बराल** : (पेट, छाती तथा मुटु रोग विशेषज्ञ (हरेक महिनाको पहिलो र तेस्रो शनिबार)
७) **डा. नारायण ओझा** (TU, DGO (NAMS) : (हरेक महिनाको चौथो शनिबार र दोस्रो बुधबार)
८) **डा. कृष्णचन्द्र रिजाल** : नाक, कान, घाँटी रोग विशेषज्ञ (हरेक महिनाको तेस्रो शनिबार)
९) **भविष्ठ श्रेष्ठ** : (नवजात शिशु तथा बाल रोग विशेषज्ञ (हरेक बुधबार र पहिलो, दोस्रो, चौथो शनिबार)
१०) **डा. बसन्तजंग दाहाल** : (हरेक दिन)

हरेक शनिबार आँखा साथै हरेका दिन दाँत जाँच गरिन्छ

**हाम्रा सेवाहरू** : दैनिक विरामी परिक्षण, ल्याव परिक्षण, एक्स-रे, इसी.जी. प्लास्टर, माइनर अप्रेशन, हरेक शनिबार रेडियोजोजिस्टद्वारा भिडियो एक्सरे साथै अनभवि स्वास्थ्यकर्मीबाट स्वास्थ्य परिक्षण ।

MOTI HEALTH CLINIC

Dumre Bazar, Tanahun. Ph. 065-580170, 580287

वर्ष ४० अंक २७१ २०७८ फागुन ०५ गते विहीबार, नेपाल सम्वत् ११४२ February 17, 2022 पृष्ठ ४ मूल्य : रू. ५/-



**अदुवा भण्डारण** : तनहुँको भिमाद नगरपालिका–६ लहरेनीमा ग्रामीण भेगबाट अदुवा खरिद गरी बिक्रीका लागि भण्डारण गर्दै स्थानीय व्यापारी। यहाँको अदुवा वीरगञ्ज, नवलपुरदेखि भारतसम्म बिक्रीवितरण हुने गरेको छ । *तस्विर : कृष्ण न्यौपाने/रासस*

# नेपाल बन्द : तनहुँका बजार क्षेत्र प्रभावित, शैक्षिक संस्था खुलेनन्

**भञ्ज्याङ समाचारदाता**/दमौली

एमसिसीको विरोधमा छ दलीय मोर्चाले आव्हान गरेको नेपाल बन्दका कारण बुधबार तनहुँका बजार क्षेत्र पूर्णरूपमा प्रभावित भएका छन् । नेत्रविक्रम चन्द नेतृत्वको नेकपा लगायतका पार्टीले संयुक्त रूपमा आव्हान गरेको साधान सञ्चालन हुन सकेका थिएनन् ।

यस्तै, एमसिसीको विरोधमा बजार तथा यातायातका साधान बन्द गराउँदै हिडेका बन्दकर्तालाई प्रहरीले दमौलीस्थित भोर्लेटार चोकबाट पक्राउ गरेको थियो । नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी लगायतका दलका




नेपाल बन्दका कारण बुधबार बिहान पृथ्वीराजमार्ग अन्तरगत तनहुँको डुम्रे बजारमा रोकिएका यात्रुबहाक बस । प्रहरीले स्कर्टिङ्ग गरी यी बस तथा अन्य सवारीसाधानलाई गन्तव्य तर्फ पठाएको थियो । *तस्विर : शर्मिला विश्वकर्मा/भञ्ज्याङ*

बन्दका कारण बजार क्षेत्रका साथै शैक्षिक संस्था पूर्णरूपमा बन्द भएका थिए ।

बैंक तथा वित्तीय संस्था, सरकारी कार्यालयहरू खुल्ला रहेपनि सेवाग्राहीको उपस्थिति भने न्यून रहेको थियो । बन्दका कारण पृथ्वीराजमार्गमा न्यून रूपमा सार्वजनिक यातायातका साधान सञ्चालन भएका थिए । प्रहरीले स्कर्टिङ्ग गरी राजमार्गमा यातायात सुचारू गरेपनि भित्री तथा ग्रामीण सडकमा सार्वजनिक यातायातका आठ जना नेता तथा कार्यकर्तालाई पक्राउ गरी साँझ छाडिएको प्रहरी नायब उपरीक्षक युवराज खड्काले बताए ।

नेपाल बन्दका क्रममा जिल्लामा कुनैपनि अप्रिय घटना नघटोस भनि प्रहरीले जिल्लाका विभिन्न ठाउँमा सुरक्षा व्यवस्था कडा पारिएको प्रहरी नायब उपरीक्षक खड्काले बताए । यस्तै, एमसिसीको विरोध गर्दै बुधबार साँझ दमौलीमा बन्द आव्हान कर्ताहरूले राँकेजुलुस समेत निकालेका थिए ।

# गण्डकी प्रदेशको चौथो वार्षिकोत्सव : प्रदेश बलियो बने मात्र संघीयताको सही कार्यान्वयन

**भञ्ज्याङ समाचारदाता**/पोखरा

गण्डकी प्रदेश सरकारले आफ्नो चौथो वार्षिकोत्सव कार्यक्रम गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसरमा आयोजित कार्यक्रममा प्रमुख वक्ताहरूले संघीयताको मुख्य आधार जस्तै बनेको प्रादेशिक संरचना सही ढङ्गले कार्यान्वयनमा आएको अवस्थामा संघीयताको विरूद्धमा कसैले आवाज उठाउन नसक्ने धारणा राखे। कार्यक्रममा बलिदानीपूर्ण संघर्षको जगमा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासका लागि सत्तापक्ष वा प्रतिपक्ष केही नभनी लाग्नुपर्ने आवश्यकता औँल्याइयो । कार्यक्रममा गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरूङले लामो त्याग र बलिदानीबाट प्राप्त उपलब्धिको रक्षाका लागि सबै पक्ष एक हुन आग्रह गरे। उनले भने, 'संघीय लोकतान्त्रिक गणतन्त्र केवल शासन प्रणालीका रूपमा मात्र नभई नागरिकको जीवनपद्धति र शैलीका रूपमा स्थापित हुनुपर्दछ । यसो गर्न सक्दा मात्रै आम नागरिकले लोकतन्त्रको सुखद अनुभूति गर्न पाउने छन् ।'

नेपालमा गणतन्त्रको स्थापनापश्चात् निर्माण भएको संविधानले तीन तहका सरकारबीच सहअस्तित्व, समन्वय र सहकार्यको परिकल्पना गरेको उल्लेख गर्दै उहाँले प्रत्येक तहका एकलसहित साझा संवैधानिक अधिकार र दायित्व पूरा गर्न सबै राजनीतिक दल र आमनागरिकको सार्थक पहल र सहकार्य आवश्यक रहेकोमा जोड दिए ।



नागरिकको विकास र समृद्धिको आकांक्षालाई पूरा गर्न संघीयताको व्यावहारिक कार्यान्वयनलाई ध्यान दिन जरूरी रहेको उनको भनाइ छ। संघीयतासँगै प्रदेश सरकारको स्थापनापश्चात् प्रदेश सरकारको माध्यमबाट धेरै उदाहरणीय कार्य भएको चर्चा गर्दै प्रदेश प्रमुख गुरूङले प्रदेश सरकारमार्फत भएका कार्यले प्रदेशको स्थापनाका प्रारम्भिक खाका तयार भए तापनि त्यो पूर्ण हुन नसकेको धारणा व्यक्त गरे ।

प्रदेश सरकारका माध्यमबाट सञ्चालन हुने ऐन कानून निर्माणका साथै जनताको घर दैलोमा प्रदेश सरकारका माध्यमबाट हुने विकास र समृद्धिका कार्यको राम्रो सुरूआत भए पनि हामीले चाहेको समृद्ध गण्डकी प्रदेश बनाउनका लागि अझै धेरै कार्य गर्न बाँकी नै रहेको उनले बताए ।

मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरोलले प्रदेश स्थापनाको छोटो समयमा यसले जनताको मन जित्न सफल भएको बताउँदै विकास निर्माण तथा सेवा प्रवाहमा आफूलाई सक्रिय बनाउँदै आएको धारणा राखे। संघले प्रदेश र स्थानीय तहलाई अधिकार दिन हिचकिचाएको आरोप लगाउँदै उहाँले स्थानीय तहले पनि काम गर्ने क्षमतामा अझै बढोत्तरी गर्नुपर्ने बताए।

संविधानले प्रदेशलाई दिएको जिम्मेवारी पूरा गर्नका लागि पर्याप्त अधिकार उपयोग गर्न नपाएको भन्दै उनले प्रदेश नयाँ संरचना भएकाले कानून निर्माण हुने क्रममा नै रहेको, संस्थागत विकास नभइसकेको अवस्था, पर्याप्त र उचित जनशक्ति व्यवस्थापन हुन बाँकी नै रहेको बताए । आवश्यकताको तुलनामा उपलब्ध वित्तीय स्रोत अत्यन्त न्यून रहेको र संविधानबमोजिम कतिपय संघीय

*बाँकी तेश्रो पेजमा*

पोखरा मणिपाल तथा मेट्रो सिटी हस्पिटलका वरिष्ठ यूरो सर्जन (मृगौला तथा पिसाव रोग विशेष) **डा. निरज थापा** यस **'सिटि जनरल हस्पिटल प्रा.लि.'** दमौलीमा

**फागुन ७ गते शनिबार**

यही फागुन ७ गते शनिबार **पोखरा मणिपाल तथा मेट्रो सिटि हस्पिटलका युरो सर्जन (मृगौला तथा पिसाव रोग विशेषज्ञ) डा. निरज थापा** आउँदै हुनुहुन्छ। मृगौला तथा पिसाव सम्बन्धी केही समस्या भएमा समयमै सम्पर्क राखी मौकाको फाइदा लिनुहोला । साथै पेट दुख्ने, हर्निया, हाइड्रोसिल, पित्तथैलीको पत्थरीको विरामीले समेत स्वास्थ्य लाभ लिन अनुरोध छ ।

**यस दिन निःशुल्क Blood Sugar Fasting, PP र Urine R/ME पनि गरिन्छ ।**

**पुनश्च : फोनबाट पनि नाम दर्ता गरिन्छ ।**

**सम्पर्क**

**सिटि जनरल हस्पिटल प्रा.लि.**

व्यास-३, दमौली (राष्ट्रिय वाणिज्य बैंकसंगै), फोन नं. : ०६५-५९०२२०, ९८६६६७३०४८

(सेवा नै धर्म हो)

वि.सं. २०३९ देखि निरन्तर प्रकाशित

भञ्ज्याङ राष्ट्रिय दैनिक

तपाई जहाँ भएपनि अब हामी तपाईकै साथ र हातमा

ANDROID APP ON Google play

Bhanjyangnews

Bhanjyang Daily
@bhanjyangdaily
News/Media Website

Follow
भञ्ज्याङ दैनिक
@bhanjyangdaily

www.bhanjyangnews.com

YouTube Bhanjyang Daily

Contact : 065-563907
E-mail : bhanjyangdml@gmail.com

## सम्पादकीय ..........

# अदुवाको बजारीकरण

अदुवा खेतीका लागि तनहुँ उर्वर भूमि हो । जिल्लाको भिमाद नगरपालिका, ऋषिङ, घिरिङ र देवघाट गाउँपालिकाका ग्रामीण क्षेत्रका कृषकहरूले व्यवसायिक रूपमा अदुवा खेती गर्दै आएका छन्। तनहुँमा उत्पादित अदुवा स्थानीय बजार क्षेत्रसंगै भारतीय बजारमा समेत बिक्री वितरण हुँदै आएको छ । अदुवा खासगरी चैत्र/बैशाख महिनामा रोपिन्छ। यो खेती गर्नका लागि सामान्यतया पानी नजम्ने दुमट किसिमको माटो उपयुक्त मानिन्छ । बारी जोतेर राम्रोसँग डल्ला फोरी माटोलाई बुर्बुर किसिमको बनाएपछि ड्याङ खनेर त्यसमा आवश्यक मल हालेर रोप्ने गरिन्छ। कृषकले अदुवाको पानालाई स–सानो टुक्रामा भाँचेर रोप्ने गर्छन । कृषकले अदुवा खेतीलाई झार आदिबाट जोगाउनका लागि सुकेको पतकर आदि ड्याङमा राख्ने गर्दछन् । अदुवा रोपेको ठाउँमा उम्रेको झारलाई बराबर उखेल्ने, अदुवाको बिरुवा राम्रोसँग उम्रेपछि अघि रोपेको बीऊ झिक्ने पनि गरिन्छ । यसरी झिकिएको बीऊको टुक्रालाई माऊ र कतै बुढी पनि भन्ने गरिन्छ । माऊ अदुवा सामान्य अदुवा सरह मसलाको रुपमा प्रयोग गर्न सकिने भएको हुँदा यो लोकप्रिय नगदेवालीका रूपमा लिइन्छ । बजारमा पनि माऊ अदुवा राम्रो मूल्यमा बिक्री हुन्छ । माऊ झिकिसकेपछि अदुवालाई उकेरा दिएपछि चैत्र बैशाखमा रोपेको अदुवा कार्तिक/मंसीरमा खन्ने गरिन्छ । तर, तनहुँका अधिकांश कृषकले अहिलेसम्म अदुगा खनेका छैनन् । जिल्लाको दक्षिणी क्षेत्रका कृषकले उत्पादन गरेको अदुवा बिक्री नहुँदा बारीमै थन्किन पुगेका छन् । अदुवाले उचित बजारभाउ नपाउँदा उत्पादित अदुवा बारीमै कुहिने हो कि भन्ने चिन्तामा अहिले कृषकहरू छन् । अदुवा खरिद गर्न व्यापारी गाउँ नआएको र आएकाले पनि विभिन्न बाहाना बनाएर भाउ घटाउदा अदुवा बिक्री गर्न नसकेको कृषकको गुनासो छ ।

बैशाखमा प्रति धार्नी दुई सय रूपैयाँमा विउ खरिद गरी रोपेको अदुवा अहिले उत्पादन भएपछि विचौलियाहरू विभिन्न बाहाना बनाएर प्रतिधार्नी ७०/८० रूपैयाँ मात्र दिने भन्दै आएकाले बिक्री गर्न नसकेको कृषकहरू बताउँछन् । आफुले लगाएको भन्दापनि आधामा बेच्दा धेरै नै घाटा पर्ने कृषकहरू बताउँछन् । समयमै उचित मूल्य नपाउँदा अदुवा खन्न नसकेका कृषकहरू अदुवाले उचित मोलभाउ नपाउदा बारीमै कुहिने त होइन भन्ने चिन्तामा कृषकहरू छन् । कृषकहरूले गत वर्ष १२० रूपैयाँ धार्नीमा अदुवा बेचेका थिए । यस वर्ष मुल्य बढ्ला भन्दा झनै घटीघटाउमा व्यापारीहरू माग्न आउदा कृषकले अदुवा बेच्न सकेका छैनन् । काँचो अदुवाले राम्रो बजार नपाएपछि सुठो बनाएर बिक्री गर्न गाउँका अदुवा कृषकबिच छलफल पनि गरेका छन् । सुठो बनाएर बेच्दा मोलभाउ नि राम्रो पाइने आशमा कृषकहरू अहिले सुठो बनाउने तिर लागेका छन् । काँचो अदुवालाई धुवाले ओलाएर डल्लो बनाएपछि सुठो बनाउने गरिन्छ। कृषकको अदुवा बजारीकरणका लागि व्यापारी भन्दा अहिले बिचौलिया हाबी हुँदै गएका छन् । कृषकको उपजलाई बजारीकरणमा स्थानीय सरकार तथा सरोकारवाला निकायले पनि आवश्यक ध्यान दिएको देखिएको छैन । अदुवा खेतीतर्फ कृषकहरूको आकर्षण बढ्दो रहेतापनि पछिल्ला वर्ष अदुवाको बजारीकरण नहुँदा कृषकहरू निराश बन्दै गएका छन् । छिमेकी मुलुक भारतबाट अदुवाको माग कम भएका कारण उत्पादित अदुवाले बजार नपाएको कृषि ज्ञान केन्द्रले बताउँने गरेको छ । केन्द्रका अनुसार तनहुँमा ५१५ हेक्टर क्षेत्रफलमा अदुवा खेती हुँदै आएको छ । यस वर्ष जिल्लामा करिब ७ हजार ६ सय मेट्रिकटन अदुवा उत्पादन हुने अनुमान गरिएको छ । गत वर्ष ५१२ हेक्टर क्षेत्रफलबाट करिव ७ हजार ५८० मेट्रिकटन अदुवा उत्पादन भएको थियो । कृषि उपजलाई बजारीकरण गरी व्यवसायिक कृषि पेशा तर्फ युवालाई आकर्षित गर्ने स्थानीय सरकारहरूले लोभलाग्दा योजना सुनाउने गरेपनि व्यवहारमा त्यो देखिन सकिएको छैन । यस तर्फ समयमै सम्बन्धित निकायले ध्यानपुऱ्याउन आवश्यक छ ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २१२१/०७३/७४
पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६१/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

### तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

# विदेश जाने तीन चौथाइ कामदार 'अदक्ष'

मीना घोरसाइने

दुई वर्षअघि वैदेशिक रोजगारीका सिलसिलामा दुबई पुग्नुभएका धनुषाका ३० वर्षीय रोशन गोलेको अचानक मृत्यु भयो । राति खाना खाएर सकुशल सुत्नुभएका उहाँ बिहान अबेलासम्म नउठेपछि साथीहरु बोलाउन गए पनि उहाँको मृत्यु भइसकेको थियो । उहाँको मृत्यु भएको थाहा पाएपछि उनीहरूले तत्काल परिवारलाई खबर गरिदिए । एक महिना बितिसक्दा पनि परिवारले शव नेपाल ल्याउन निकै सास्ती बेहोर्नुपऱ्यो । सेक्युरिटी गार्ड उहाँमा पहिले कुनै पनि स्वास्थ्य समस्या नभएको परिवारको जिकिर छ । शव ल्याउन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुग्नुभएका मृतकका पिता नरबहादुरले भन्नुभयो, "यति छिट्टै छोराले छाडेर जाला भनेर हामीले कल्पना पनि गरेका थिएनौँ ।" छोराको मृत्युले सिङ्गो परिवार धान्ने खम्बा नै ढलेको उहाँ बताउनुहुन्छ। मृतक गोलेका परिवारमा बुवा, आमा, श्रीमती, दुई छोरी र एक छोरा छन्। रोशनको मृत्युसँगै पिता नरबहादुरलाई १०, पाँच र तीन वर्षका नातिनातिनाको शिक्षादीक्षाको चिन्ता त छ नै, साहुसँग लिएको रू पाँच लाख ऋण कसरी तिर्ने भन्ने चिन्ताले समेत सताउन थालेको छ। छोरा विदेशमा हुँदा खासै राम्रो कमाइ नभएकाले पहिलेदेखि नै साहुसँग लिएको ऋण तिर्न नसकेको उहाँको भनाइ छ ।

**क्षतिपूर्तिमा बिचौलियाको दबदबा**

वैदेशिक रोजगारीका क्रममा चार वर्ष अगाडि दुबईमा मृत्यु भएका धनुषाका शैलेश चौधरीको परिवारलाई वैदेशिक रोजगार बोर्डमार्फत उपलब्ध क्षतिपूर्तिले निकै राहत मिल्यो । सडक दुर्घटनामा परी घाइते भएका चौधरीको उपचारका क्रममा त्यहीँ मृत्यु भएको थियो । पाँच महिनापछि मात्र उहाँको शव नेपाल ल्याइएको थियो । मृतकको परिवारले बोर्डमार्फत उपलब्ध गराउँदै आएको क्षतिपूर्तिका लागि गाउँकै पदम भनिने पिन्टु साहमार्फत आवेदन दिएको थियो। आवेदन दिएको एक हप्तामै पीडित परिवारले क्षतिपूर्तिस्वरूप रू पाँच लाख पाएको थियो । सो रकमबाट साहुसँग लिएको रू चार लाख कर्जा चुक्ता गरिएको मृतककी श्रीमती जयन्ती साह बताउनुहुन्छ । बाँकी रकमबाट केही समय परिवार चलेको उहाँले सुनाउनुभयो। हाल उहाँले ज्याला मजदुरी गरेर पाँच जनाको परिवार धान्दै आउनुभएको छ। बोर्डले भने मृतकका परिवारलाई क्षतिपूर्तिबापत रू सात लाख उपलब्ध गराउँदै आए पनि उहाँ सो विषयमा अनभिज्ञ देखिनुहुन्छ। यसरी हेर्दा पिण्टुले क्षतिपूर्ति लिन बिचौलियाको भूमिका खेलेर साहको परिवारसँग रू दुई लाख ठगी गरेको देखिन्छ ।

**मृत्युको हिसाबकिताब**

पछिल्लो समय वैदेशिक रोजगारीका क्रममा विभिन्न देशमा नेपालीको मृत्युको घटना बढ्न थालेको छ । वैदेशिक रोजगार बोर्डको तथ्याङ्कानुसार आर्थिक वर्ष २०७५/०७६ मा वैदेशिक रोजगारीका क्रममा पुरूष ३२१ र महिला १२ ले ज्यान गुमाएका थिए। मृतकमध्ये काठमाडौँ जिल्लाका कामदार सबैभन्दा बढी थिए। आव २०७६/०७७ मा अघिल्लो वर्षका तुलनामा मृतक दोब्बरभन्दा बढी थिए । सो वर्ष पुरूष ६६५ र महिला १४ जनाले ज्यान गुमाएका थिए । सो आवमा पनि सबैभन्दा बढी काठमाडौँका कामदारले ज्यान गुमाएका थिए । आव २०७७/७८ मा पुरूष एक हजार २१३ र महिला २९ जनाको मृत्यु भएको थियो । रोजगार बोर्डले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमार्फत मृतकको घरसम्म शव ढुवानी गर्दै आएको छ । बोर्डको शव ढुवानी तथ्याङ्कानुसार वैदेशिक रोजगारीका क्रममा हालसम्म सबैभन्दा बढी मलेसियामा नेपाली कामदारले ज्यान गुमाएका छन् । आव २०७५/७६ मा मलेसियामा २८२, कतारमा १३४, साउदी अरेबियामा २०६, संयुक्त अरब इमिरेट्समा ७९, कुवेतमा ३३, दक्षिण कोरियामा २०, बहराइनमा ११, ओमानमा नौ, जोर्डनमा तीन, माल्दिभ्समा दुई तथा बङ्गलादेश र पोर्चुगलमा एक/एक जनाले ज्यान गुमाएका थिए । तिनमा पुरूष ७६५ र महिला १७ को मृत्यु भएको थियो ।

त्यस्तै आव २०७६/७७ मा मलेसियामा २१९, साउदी अरबमा १८, कतारमा १०७, युएईमा ९७, कुवेतमा ४२, ओमानमा छ तथा अफगानिस्तान र साइप्रसमा दुईदुई जनाले ज्यान गुमाए । यसैगरी इजराइल, ब्रुनाइ, इराक, पोल्याण्ड, पोर्चुगल, रूस र अफगानिस्तानमा एक/एक जनाले ज्यान गुमाएका थिए । तिनमा पुरूष ६६५ र महिला १४ जनाको मृत्यु भएको थियो। आव २०७७/७८ मा माल्दिभ्सका सबैभन्दा बढी कामदारको शव ढुवानी गरिएको पाइएको छ। शव ढुवानीको तथ्याङ्कानुसार माल्दिभ्सका २४१, साउदी अरेबियाका २२७, कतारका १३८, युएईका ९२, मलेसियाका ६०, दक्षिण कोरियाका छ तथा ओमन र रोमानियाका दुई/दुई जना छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट घरसम्म पुऱ्याउँदाको सम्पूर्ण खर्चको व्यवस्था बोर्डले नै गर्दै आएको महानिर्देशक श्रेष्ठले जानकारी दिनुभयो ।



**मृत्युका कारण लापरबाही**

बोर्डको तथ्याङ्कानुसार वैदेशिक रोजगारीका क्रममा सबैभन्दा बढी कामदारकै लापरबाहीका कारण निधन हुने गरेको पाइएको छ । धेरैजसो कामदारको मृत्यु हुनाका कारणमा कामबाट फर्कनेबित्तिकै एसी चलाउने, चिसो पानी पिउने, चिसो पानीले नुहाउने र राति सुत्ने बेलामा अत्यधिक मदिरा सेवन गर्ने जस्ता गतिविधि भएको श्रेष्ठको भनाइ छ । बोर्डको तथ्याङ्कानुसार आव २०७७/७८ मा प्राकृतिक कारणबाट ३४.३८, आत्महत्याबाट १९.९७, सडकमा दुर्घटनाबाट १३.७७, हृदयाघातबाट ११.२७ र कार्यस्थलमा दुर्घटनाबाट ९.५८ प्रतिशतको मृत्यु भएको थियो । यस्तै ८.३७ प्रतिशतको भने मृत्युको कारणबारे अनुसन्धान हुनै बाँकी छ । यस्तै २.०९ प्रतिशतको भने हत्या भएको पाइएको छ । रोगका कारण ०.१६ र अन्य कारणबाट ०.४० प्रतिशतको मृत्यु हुने गरेको पाइएको छ । मृत्यु हुनेमा धेरैजसो व्यक्तिगत रूपमा जाने नेपाली कामदार पाइएको श्रेष्ठले बताउनुभयो । व्यक्तिगत रूपमा नेपाली कामदारलाई वैदेशिक रोजगारीका लागि जानका निरूत्साहन गर्न बोर्डले पूर्वप्रस्थान अभिमुखीकरण र सीप विकास तालिम पनि उपलब्ध गराउँदै आएको जनाइएको छ ।

**तालिम**

रोजगार बोर्डले वैदेशिक रोजगारीमा जानुपूर्व नेपाली श्रमिकलाई गन्तव्य मुलुकका बारेमा अभिमुखीकरण दिँदै आएको छ । सो तालिममा गन्तव्य मुलुकको भाषासमेत सिकाइने गरेको छ । तालिमबाट वैदेशिक रोजगारीमा जाने कामदारलाई सो देशको संस्कृति, रहनसहन र कामका प्रकृतिका बारेमा जान्न निकै सहज हुने उहाँको भनाइ छ । तालिममा वैदेशिक रोजगारीका क्रममा हुने तनाव कसरी व्यवस्थापन गर्ने, विदेशमा कसरी सुरक्षित हुने लगायत कुरा पनि सिकाइने जनाइएको छ । यस्तै वैदेशिक रोजगारीमा जानुपूर्व लिएको सीप विकास तालिमबाट कामदारलाई वैधानिक रूपबाट जान अभिप्रेरित गर्दै आएको श्रेष्ठको भनाइ छ । सीप विकास तालिमका लागि बोर्डले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)सँग समन्वयसमेत गरेको जनाइएको छ । तालिमपछि कतिपय युवा स्वदेशभित्रै स्वरोजगार भएर बसेको थाहा भएको छ । हाल सिटिइभिटीले देशभर १९ शैक्षिक संस्थामार्फत दैनिक ५३ तालिम दिँदै आएको छ ।

**मृतकका परिवारलाई क्षतिपूर्ति**

वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका प्रतिकामदारका परिवारलाई रोजगार बोर्डले क्षतिपूर्तिस्वरूप रू सात लाख राहत उपलब्ध गराउँदै आएको छ । बोर्डले आव २०७५/७६ मा ७५३ परिवारलाई क्षतिपूर्ति उपलब्ध गराएको थियो। त्यस्तै आव २०७६/७७ मा ६५५ परिवारलाई क्षतिपूर्ति उपलब्ध गराएको थियो। यस्तै आव २०७७/७८ मा भने सबैभन्दा धेरै परिवारलाई बोर्डले क्षतिपूर्ति उपलब्ध गराएको थियो। गत आवमा एक हजार २४३ परिवारलाई राहत उपलब्ध गराइएको बोर्डले जनाएको छ। कोभिड–१९ संक्रमणका कारण वैदेशिक रोजगारीका क्रममा धेरै नेपाली कामदारको मृत्यु भएकाले गत वर्ष क्षतिपूर्तिका लागि बोर्डमार्फत सबैभन्दा धेरै परिवारले क्षतिपूर्ति बुझेका हुन् ।

**क्षतिपूर्ति वितरण अनियमिततामा सुधार**

बोर्डले क्षतिपूर्तिका लागि अनलाइन प्रणालीको व्यवस्था र मृतकका परिवारलाई सिधै बैंक खातामा क्षतिपूर्ति बापतको रकम उपलब्ध गराउन थालेपछि बिचौलियाको दबदबा हटेको पाइएको छ । बैंक खातामा

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
चिताएको काम समेत सम्पादन हुनेछ । पहिलेका कमजोरीलाई सुधार्ने मौका पाइनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्दा लाभ हुनेछ । साँझदेखि स्थितिमा सुधार आउनाले काम बन्नेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ । फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्ला । पारिवारिक मतभेदले काम रोकिएला ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
रमाइलो यात्रा र मनोरञ्जनको आनन्द लिने समय छ । अतिथिका रुपमा सत्कार पाइनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
लगनशीलताले अध्ययनमा प्रगति हुनेछ र अनुभवलाई निखार्ने अवसर प्राप्त हुनेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
परिस्थितिवश विवादास्पद काममा अलमलिनुपर्ला । द्वन्द्वले फजुल खर्च निम्त्याउन सक्छ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
स्वास्थ्य कमजोर हुनाले काम गर्न समय लाग्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
आध्यात्मिक चेतनाले धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। कामको चापबाट फुर्सद पाइनेछ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
विचारले धेरैलाई आकर्षण गर्ने समय छ। सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर जुट्नेछ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
दाजुभाइमा असमझदारी बढ्न सक्छ । प्रतिस्पर्धा बढ्नेछ तापनि साँझतिर व्यवसायमा लाभ हुनेछ।

# विदेश जाने तीन चौथाइ ........

रकम उपलब्ध नगराउँदासम्म पीडित परिवार थप पीडामा पर्ने गरेकाले यस्तो व्यवस्था गरिएको बोर्डका महानिर्देशक राजेन्द्र श्रेष्ठले बताउनुभयो। सो कुरालाई ध्यानमा राखी आफू बोर्डमा नियुक्त हुनेबित्तिकै क्षतिपूर्तिका लागि काठमाडौँसम्म धाउनुपर्ने बाध्यता हटाउन स्थानीय निकायमार्फत निवेदन दिने व्यवस्था गरिएको उहाँको भनाइ छ । पीडित परिवारसम्म क्षतिपूर्तिलगायत बोर्डले उपलब्ध गराउँदै आएको सेवासुविधाबारे रेडियो, टेलिभिजन, वेबसाइट, फेसबुक पेजलगायत माध्यमबाट सूचना प्रवाह गरिएको बोर्डका महानिर्देशक श्रेष्ठले जानकारी दिनुभयो ।

**छोराछोरीलाई छात्रवृत्ति**

बोर्डले वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका कामदारका छोराछोरीलाई छात्रवृत्तिसमेत उपलब्ध गराउँदै आएको छ। वैदेशिक रोजगारीका क्रममा अभिभावकको मृत्युपछि सन्तानको भविष्य नबिग्रियोस् र निरन्तर पढ्न पाऊन् भन्ने उद्देश्यका साथ बोर्डले छात्रवृत्ति दिन थालेको महानिर्देशक श्रेष्ठले जानकारी दिनुभयो। बोर्डको तथ्याङ्कानुसार आव २०७५/०७६ मा एक हजार ४३८ मृतक कामदारका छोराछोरीलाई छात्रवृत्ति उपलब्ध गराइएको थियो । यस्तै आव २०७६/०७७ मा एक हजार ७०२ र आव २०७७/०७८ मा दुई हजार २०२ त्यस्ता बालबालिकालाई छात्रवृत्ति उपलब्ध गराइएको थियो । बालबालिकालाई वार्षिक रू आठ हजारदेखि रू १२ हजारसम्म छात्रवृत्ति उपलब्ध गराइएको छ ।

**बिरामीलाई सहायता**

बोर्डले वैदेशिक रोजगारीका क्रममा अङ्गभङ्ग भएका तथा गम्भीर बिरामीलाई समेत आर्थिक सहायता उपलब्ध गराउँदै आएको छ । आव २०७५/०७६ मा ३०५ जनालाई आर्थिक सहायता उपलब्ध गराइएको थियो । यस्तै आव २०७६/०७७ मा २४५ र आव २०७७/०७८ मा १४३ जनालाई आर्थिक सहायता वितरण गरिएको थियो। कोरोना संक्रमणका कारण गत आवमा आर्थिक सहायताका लागि थोरै मात्र निवेदन आएको बोर्डले जनाएको छ। त्यस्ता कामदारलाई रोगको प्रकृति हेरेर रू ४० हजारदेखि दुई लाखसम्म उपलब्ध गराइएको बताइएको छ ।

**अलपत्र कामदारको उद्धार**

बोर्डले वैदेशिक रोजगारका क्रममा अलपत्र नेपाली कामदारको उद्धारसमेत गर्दै आएको छ। बोर्डमार्फत आव २०७५/०७६ मा विभिन्न देशमा अलपत्र ४४ कामदारको उद्धारका लागि नियोगमार्फत पत्राचार गर्नाका साथै उद्धारका लागि आवश्यक रकमसमेत उपलब्ध गराइएको थियो। यस्तै आव २०७६/०७७ मा ६२ कामदारको उद्धारका लागि पत्राचार गरिएको थियो। आव २०७७/०७८ मा ४१३ कामदारको उद्धारका लागि पत्राचार गर्नाका साथै उद्धारका लागि रू दुई करोड ४४ लाख २५ हजार ३२७ खर्च गरिएको थियो । कोभिडका कारण गत आवमा सबैभन्दा बढी कामदारको उद्धार गरिएको बोर्डले बताएको छ ।

**सहयोग धेरैः अनुगमन शून्य**

रोजगार बोर्डले वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका परिवारलाई आर्थिक सहयोग, मृतकका छोराछोरीलाई छात्रवृत्तिको व्यवस्था, वैदेशिक रोजगारका क्रममा अङ्गभङ्ग भएका तथा गम्भीर रोग लागेका श्रमिकलाई अर्बौं आर्थिक सहयोग गर्दै आए पनि सोको सदुपयोग भए (नभएको अनुगमन भने हालसम्म गरेको पाइएको छैन। बोर्डको तथ्याङ्कानुसार आव २०७५/०७६ मा वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका परिवारलाई रू ५२ करोड ७१ लाख, त्यस्ता कामदारका छोराछोरीलाई रू एक करोड ४८ लाख ६५ हजार, अङ्गभङ्ग तथा गम्भीर बिरामी कामदारलाई रू नौ लाख १४ हजार ५७ हजार आर्थिक सहयोग, विदेशमा अलपत्र परेका शव झिकाउन रू ७५ लाख ५८ हजार, कामदारको परिवारलाई वितरण गरिने स्वास्थ्योपचार खर्च रू १२ लाख १५ हजार र कामदारको शव निजको घरसम्म पुर्‍याउन रू १५ लाख ७६ हजार विनियोजन गरिएको थियो ।

त्यसैगरी आव २०७६/०७७ मा त्यस्ता कामदारका परिवारलाई क्षतिपूर्तिबापत रू ४५ करोड ८५ लाख उपलब्ध गराइएको थियो । बोर्डले कल्याणकारी कार्यका लागि रू ५६ करोड ८४ लाख २४ हजार खर्च गरेको थियो । सो वर्ष कोभिडका कारण बोर्डले गर्ने धेरै काम रोकिएका थिए । यस्तै आव २०७७/०७८ मा वैदेशिक रोजगारीका क्रममा अङ्गभङ्ग तथा गम्भीर रोग लागेका १४३ कामदारलाई आर्थिक सहायता गरिएको थियो। त्यस्तै श्रमिकको शव व्यवस्थापनका लागि रू ९९ लाख ५५ हजार नौ सय, तिनका परिवारको स्वास्थ्योपचारका लागि रू दुई लाख ५० हजार र वैदेशिक रोजगार छात्रवृत्तिका लागि रू २० करोड ८ लाख ८२ हजार खर्च गरिएको थियो। स्थानीय तह ऐनानुसार सोको अनुगमनको जिम्मेवारी स्थानीय सरकारको नै भएको बोर्डका महानिर्देशक श्रेष्ठ बताउनुहुन्छ। वैदेशिक रोजगारीका क्रममा मृतकका परिवारलाई क्षतिपूर्तिका लागि सिफारिस गर्ने कामबाहेक हालसम्म स्थानीय तहले कुनै पनि काम नगरेको उहाँले बताउनुभयो। अनुगमनलगायत काम भने बोर्डबाट गर्न सम्भव नहुने उहाँको स्वीकारोक्ति छ ।

**सबैभन्दा बढी अदक्ष कामदार**

वैदेशिक रोजगार विभागको तथ्याङ्कानुसार नेपालबाट सबैभन्दा बढी अदक्ष कामदार खाडी मुलुकमा जाने गरेको पाइएको छ । हालसम्म नेपालबाट ७४ प्रतिशत अदक्ष कामदार विभिन्न गन्तव्य मुलुकमा गएका छन् । त्यस्तै अर्धदक्ष दुई र दक्ष एकदेखि दुई प्रतिशत मात्र गएको विभागले जनाएको छ। बाँकी जनशक्ति विकसित मुलुकमा गएको विभागका सूचना अधिकारी कृष्णप्रसाद भुसालले बताउनुभयो । बोर्डको तथ्याङ्कानुसार आव २०७५/०७६ मा दुई लाख आठ हजार ३५२ नेपाली कामदारले वैदेशिक रोजगारीका लागि १३६ मुलुकका निम्ति श्रम स्वीकृति लिएका थिए । तीमध्ये उच्च क्षमताका २१०, व्यावसायिक ७८७, अर्धदक्ष ४२ हजार ७८४, दक्ष एक लाख ७९ हजार ६०१ र अदक्ष दुई लाख ८५ हजार ४४५ जनाले श्रम स्वीकृति लिएका थिए ।

यस्तै आव २०७६/०७७ मा १९ लाख ४५३ जनाले १२७ गन्तव्य मुलुकका लागि र आव २०७७/०७८ मा ७२ हजार ८१ जनाले ११६ गन्तव्य मुलुकका लागि श्रम स्वीकृति लिएका थिए । गत आवमा उच्च क्षमताका ६१, व्यावसायिक २४६, अर्धदक्ष १५ हजार ५८३, दक्ष ७० हजार ४२६ र अदक्ष ८० हजार ३८२ जनाले श्रम स्वीकृति लिएका थिए । चालु आव २०७७/७८ को तथ्याङ्क हेर्दा साउनमा १३ हजार आठ सय, भदौमा २२ हजार ६०८, असोजमा २६ हजार ९१, कात्तिकमा २७ हजार ७०९, मंसिरमा ३१ हजार ३१ र पुसमा ६५ हजार १६० जनाले विभागबाट श्रम स्वीकृति लिएका छन् । रासस

# दिग्गज गायक-संगीतकार बप्पी लाहिरीको निधन

रासस/एएनआई/महाराष्ट्र

दिग्गज गायक-संगीतकार बप्पी लाहिरी मंगलबार राति निधन भएको छ । प्रयाख्त अभिनेत्री र राजनीतिज्ञ हेमा मालिनीले उहाँको निधनमा




ट्विटरमर्फत शोक व्यक्त गर्नुभएको छ। मंगलबार राति ११:४५ मा निधन भएका चर्चित गायक तथा संगीतकार बप्पी लाहिरीप्रति राजनीतिक क्षेत्रका नेताले भावपूर्ण श्रद्धाञ्जलि अर्पण गरेका छन् ।

बप्पी लाहिरीलाई बप्पी दा भनेर चिनिन्थ्यो। उहाँ डिस्को संगीतको लागि प्रख्यात हुनुहुन्थ्यो। बप्पी लाहिरीको ६९ वर्षको उमेरमा हिजो राति मुम्बइको एक अस्पतालमा निधन भएको थियो । पश्चिम बंगालका गभर्नर जगदीप धनखरले बप्पी दाको मनमोहक सांगीतिक रचना सबैले मन पराएका बताउनुभएको छ । दुःखको खबर प्रसिद्ध संगीतकार बप्पी लाहिरीजी अब रहनुभएन ।

'पश्चिम बंगालको जलपाइगुडीमा जन्मनुभएका बप्पी दाको सङ्गीतले सम्पूर्ण फ्यानलाई छक्क पारेको थियो। उहाँलाई सबै उमेरका मानिसले मन पराउने मंत्रमुग्ध सांगीतिक रचनाको लागि सम्झिरहनेछ। परिवारजनमा समवेदना र ओम शान्ति ओम', उहाँले ट्वीट गर्नु भएको छ। विभिन्न स्वास्थ्य समस्याका कारण एक महिनादेखि अस्पतालमा भर्ना हुनुभएका बप्पी दाको 'स्लीप एपनिया'का कारण उनको निधन भएको बताइएको छ। 'डिस्को किङ' बप्पी दाको बिहीबार अन्त्येष्टि गरिने जनाइएको छ ।

# गण्डकी प्रदेशको चौथो ........

कानून निर्माण नहुनुका साथै कतिपय संघीय कानून संविधान अनुकूल नहुँदा प्रदेशको भूमिकामा अवरोध सिर्जना भएको उनले बताए।

जनताको चाहनाको तुलनामा प्रदेश सरकारका प्रयास पर्याप्त हुन नसकेको बताउँदै उनले हालसम्मको यात्राको गति ढिलो भए पनि गन्तव्यतर्फ नै अघि बढेको हुँदा लक्ष्य हासिल हुनेमा कुनै शंका गर्नुपर्ने ठाउँ नरहेको स्पष्ट परे । 'प्रदेशसभा २०७५ माघ २२ गते स्थापना भएपश्चात् संवैधानिक दायित्व बमोजिम प्रदेशसभाले ५० वटा ऐन पारित गरेको छ', उनले भने, 'नागरिकका जीविकासँग जोडिएका, सार्वजनिक महत्वका तथा दीर्घकालीन लाभका विषयमा प्रदेशसभामा जीवन्त छलफल हुने गरेको छ ।'

सरकारले ऐन कार्यान्वयनका लागि १२ वटा नियमावली तर्जुमा गरेको र शिक्षा र स्वास्थ्य नीति जारी हुनुका साथै श्रम नीति, वन नीति, भू उपयोग नीतिको मस्यौदा तयार भएको उनले बताए । त्यस्तै चारवटा गठन आदेश र विभिन्न कार्यविधि/निर्देशिका/मापदण्ड कार्यान्वयनमा रहेको बताए । प्रदेशलाई दीर्घकालसम्म आवश्यक पर्ने संरचना स्थापना भएको उल्लेख गर्दै उनले विकासको दीर्घकालीन, मध्यमकालीन आवधिक योजना पारित भई कार्यान्वयनमा रहेको बताए ।

आवधिक योजना र दिगो विकास लक्ष्यमा आधारित भएर वार्षिक बजेट, योजना तथा कार्यक्रम सञ्चालनमा रहेको उनको भनाइ छ । सरकारको चार वर्षे अवधिमा भौतिक विकासतर्फ ८७३ किमि सडक निर्माण भएको, ४७ वटा मोटरेबल पुल बनेको, ८९ वटा सडक पुल निर्माणाधीन रहेको, ३२ वटा झोलङ्गे पुलको निर्माण सम्पन्न भई ३३ वटा झोलुङ्गे पुल आगामी वर्ष सम्पन्न हुने अवस्थामा पुगेको उनले जानकारी गराए ।

मुस्ताङको कोरलादेखि नवलपुरको त्रिवेणी जोड्ने करिडोर सडकको स्तरोन्नति गर्ने र सम्पूर्ण सडकलाई दुई लेनको बनाउने कार्य तीव्रताको साथ भइरहेको उनले बताए। उनका अनुसार प्रदेश सरकार स्थापना हुँदा विद्युत्मा पहुँच प्राप्त परिवार ८२.२ प्रतिशत रहेकोमा हाल ९३ प्रतिशत पुगेको छ । सबै घरमा विद्युत सुविधा पुर्‍याउने प्रदेश सरकारको प्रतिबद्धताबमोजिम बाँकी सबै घरमा विद्युत् पुर्‍याई उज्यालो प्रदेश घोषणा गरिने उनले प्रतिबद्धता व्यक्त गरे। प्रदेशमा ४२२ वटा खानेपानी आयोजना सम्पन्न भई ८२ हजार १७० निजी धारा जडान भएको र आगामी वर्षसम्ममा सबै घरमा आधारभूत तहको खानेपानी सुविधा पुग्ने भन्दै उनले त्यसपछि गुणस्तरीय खानेपानी आपूर्तिमा सरकारको ध्यान केन्द्रित हुने बताए।

नेकपा (एमाले) संसदीय दलका नेता एवं पूर्वमुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङले बलिदानीपूर्ण संघर्षका कारण प्राप्त उपलब्धिलाई संस्थागत गर्न सबैको एकताबद्ध प्रयास आवश्यक हुने बताए। प्रदेशलाई बलियो नबनाउँदासम्म संघीयता बलियो नबन्ने उल्लेख गदै उहाँले केन्द्रिकृत मानसिकता अझै कायम रहेको बताए। गण्डकी प्रदेशलाई समृद्ध बनाउनका लागि यसअघि आफू नेतृत्वको सरकारका समयमा धेरै काम भएको प्रसङ्ग उल्लेख गर्दै उनले आग्रह पूर्वाग्रहबाट माथि उठेर बनेका संरचनालाई संस्थागत बनाउँदै कार्यान्वयनतर्फ अघि बढाउन उनले सुझाव दिए । प्रदेशलाई बलियो बनाउने कुरामा आफ्ना तर्फबाट पूर्ण साथ र सहयोग रहने उहाँले प्रतिबद्धता व्यक्त गरे ।

सभामुख नेत्रनाथ अधिकारीले बलिदानीपूर्ण संघर्षबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत रूपमा अघि बढाउनका लागि एकात्मक, केन्द्रिकृत र सामन्ती मानसिकतालाई धक्का दिएर अघि बढ्नुको विकल्प नभएको धारणा राखे। संघ सरकारको बजेट विन्यासमा केन्द्रिकृत मानसिकता देखिएको बताउँदै उनले संघीयताको सही कार्यान्वयले मात्रै सुखी जनता समृद्ध नेपालको सपना साकार बन्ने विश्वास व्यक्त गरे । नेकपा (माओवादी) केन्द्र संसदीय दलका नेता हरिबहादुर चुमानले वर्तमान सरकारले अघिल्ला सरकारले अघि सारेका कार्यक्रलाई निरन्तरता दिनुका अतिरिक्त मानवीय संवेदनाका पक्षमा विशेष जोड दिएको बताए ।

विपद्जन्य घटनामा सर्वसाधारणलाई सहयोगसँगै निःशुल्क रगतको व्यवस्था जस्ता विषय प्रशंसनीय भएको उनको भनाइ छ । प्रदेशलाई आत्मनिर्भर बनाउनेतर्फ लाग्नुपर्ने आवश्यकता उनले औँल्याए। प्रदेश प्रमुख सचिव रविलाल पन्थले शून्य संरचनाबाट सुरू भएको प्रदेशमा हाल १२ वटा मन्त्रालय, १७५ वटा कार्यालय स्थापना भई सञ्चालनमा आएको जानकारी दिए।

यसबीचमा ५० ऐन, १२ नियमावली तथा अन्य आवश्यक कानून निर्माण भएको उनले बताए । प्रदेशमा सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री बनाउने गरी काम अघि बढाइएको उनले बताए । कार्यक्रमका अवसरमा सूचना प्रविधिका क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका म्याग्दीका महावीर पुनलाई गण्डकी रत्न घोषणा गरिएको थियो। उक्त अवसरमा उत्कृष्ट कार्यालय तथा कर्मचारी घोषणा गरिएको थियो भने विभिन्न सांस्कृतिक नृत्य प्रस्तुत गरिएको थियो। कार्यक्रममा सरकारको चार वर्षे उपलब्धिको वृत्तचित्र प्रस्तुत गर्नुका साथै चार वर्षे उपलब्धि समेटेर तयार पारिएको पुस्तक प्रदेश प्रमुख गुरूङ र मुख्यमन्त्री पोखरेलले विमोचन गरेका थिए ।

घर बाहिर निस्कदा तथा भिडभाडमा जाँद अनिवार्य रूपमा मास्कको प्रयोग गरौं, भौतिक दुरी कायम गरौं, साबुनपानीले हात धुने गरौं

**काठमाडौं गंगालाल हस्पिटलका मुटुरोग विशेषज्ञ डा. मिर्लुङ पोलीक्लिनिक दमौलीमा**

**फागुन ६ गते शुक्रबार**

१) काठमाडौं गंगालाल हस्पिटलका वरिष्ठ फिजीसियन तथा मुटुरोग विशेषज्ञ **डा. मुरारी ढुंगाना** आउदै हुनु हुन्छ । मुटुरोग सम्बन्धी केही समस्या भएमा सम्पर्क राखी सेवा लिनुहोस साथै अत्याधुनिक मेसिनद्वारा मुटुको भिडीयो ए-क्सरे (ECO) पनि गरिन्छ ।

**फागुन ७ गते शनिबार**

१) पोखरा गण्डकी हस्पिटलका वा मधुमेह तथा थाइरोईड उपचार केन्द्रका वरिष्ठ फिजीसियन, मधुमेह तथा थाइरोइड रोग विशेषज्ञ **डा. तिर्थलाल उपाध्याय** आउदै हुनु हुन्छ । रोगसंग सम्बन्धित बिरामीहरूले सम्पर्क राखी सेवा लिनु होला ।
२) पोखरा मणिपाल तथा मेडीप्लस हस्पिटलका वरिष्ठ स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. अन्जली सुवेदी** आउदै हुनुहुन्छ रोगसंग संबन्धित बिरामीहरूले सम्पर्क राखी सेवा लिनुहोस ।
**रोगका लक्षणहरू** : तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, चिलाउने, महिनावारी गडबडी हुने, स्तन दुख्ने र गाठागुठी आउने, पाठेघर तल झर्ने, पिसाब पोल्ने र गर्भवती महिलाको समय समयको जचाँउने ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) डा. हेमन्त श्रेष्ठद्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ४) नेबुलाइजर (वाफ) सेवा ५) मुटुको इसिजि सेवा ६) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ७) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ८) अब्जरभेसन सेवा ९) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२







**दिप इन्टरप्राइजेज्**

आँवुखैरेनी-३, तनहुँ (बजाज शो-रूम, उचित भवन) । सम्पर्क : ०६५-५४०५७६/५४०४८२

**ढोरवाराही डेण्टल केयरको सुचना**

बिगत १८ वर्षदेखि अनवरत रूपमा सेवा दिंदै आएको यस ढोरवाराही डेण्टल केयर सेन्टरमा **दाँत, मुख तथा गिजा** सम्बन्धी कुनै पनि समस्या भएमा सम्पर्क गर्नुहोला । हामी सेवामा हाजिर छौं ।



ESTD. 2062

**अध्यक्ष/सञ्चालक : भरत पोखेल**

**ढोरवाराही डेण्टल केयर सेन्टर**

व्यास-४, दमौली, तनहुँ । सम्पर्क : ९८४६०६५१०२, ९८४६४७०४८०

पुनश्च : अफिस समय बिहान ८ देखि बेलुका ६ बजेसम्म ।

**प्रो अजय गुप्ता** व्यास-२, गणेशमानचोक, दमौली मो. ९८२६६७९०१५

**अजय मिष्ठान भण्डार**



यहाँ विभिन्न प्रकारका मिष्ठानहरू पाइनुका साथै विवाह, व्रतबन्ध, पार्टीहरूका लागि अर्डर अनुसार तयार गरिनुका साथै डेलिभरीको व्यवस्था छ ।

**प्रो अर्जुन अधिकारी** फोन : ०६५-५६१२५३, ९८५६०६०४२४, ९८६६००१०९२

**नेशनल इलेक्ट्रोनिक्स**

व्यास-२, न्यूरोड, दमौली, तनहुँ




सबै किसिमको इलेक्ट्रोनिक्स सामानहरू बिक्री मर्मत तथा साटफेरको पनि व्यवस्था रहेको छ ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४




**स्वागत नृत्य :** अखिल नेपाल फुटबल संघ तनहुँ र युवा क्लव भिमादले भिमाद रंगशालामा आयोजना गरेको तनहुँ जिल्ला लिग फुटबल प्रतियोगिता–२०७८ शुभारम्भ समारोहमा सहभागि खेलाडी तथा अतिथिहरूलाई कौरा नृत्य प्रस्तुत गरी स्वागत गर्दै स्थानीय युवायुवती । *तस्विर : भञ्ज्याङ*

# राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि विद्यालयहरू छनोट, तनहुँका ४७ विद्यालय छानिए

**भञ्ज्याङ समाचारदाता**/दमौली

सरकारले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि चालु आर्थिक वर्षमा प्राप्त आवेदनका आधारमा देशभरका चार हजार १५७ सार्वजनिक विद्यालय छनोट गरेको छ । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलको अध्यक्षतामा बसेको बैठकले सो छनोट गरेको हो । छानिएकामध्ये चारकोठे भवन ९७६, दुईकोठे भवन ९६६, आइसिटी ल्याब व्यवस्थापन दुई हजार १०६, प्राविधिक ल्याब ८८ र नयाँ प्राविधिक विद्यालय स्थापना २१ निर्माण गरिने भएको छ ।

चारकोठे भवन निर्माणका लागि प्रतिविद्यालय ३६ लाख रूपैयाँ, दुईकोठे भवन निर्माणका लागि १८ लाख रूपैयाँ, आइसिटी ल्याब व्यवस्थापनका लागि छ लाख ५० हजार रूपैयाँ, नयाँ प्राविधिक धार सञ्चालनका लागि ल्याब व्यवस्थापन तथा शिक्षण सहयोग अनुदान २१ विद्यालयलाई ७० करोड ५९ लाख छ हजार रूपैयाँ, गत आर्थिक वर्षमा ल्याब व्यवस्थापनका लागि छुट विद्यालयका लागि अनुदान १४ विद्यालयका लागि ३३ करोड ६० लाख रूपैयाँ र प्राविधिक धार सञ्चालित विद्यालयमा ल्याब सुदृढीकरण तथा स्तरनोन्नितका लागि अनुदान ८८ विद्यालयलाई ८८ करोड रूपैयाँ रकम छुट्याइएको छ । राष्ट्रपति शैक्षिक सुधारका लागि सात अर्ब ८५ करोड ५१ लाख रूपैयाँ रकम छुट्याएको छ। विद्यालय छनोट गरी बाँकी एक अर्ब ३८ करोड रूपैयाँ रकम बाँकी रहेका स्थानीय तहका विद्यालयमा छुट्याउनुपर्ने व्यवस्था गरिएको छ।

उक्त कार्यक्रमका लागि तनहुँको १० वटा पालिकाबाट ४७ वटा विद्यालय छानिएका छन् । देवघाट गाउँपालिकाका चार, आँबुखैरेनी गाउँपालिकाका चार, बन्दीपुर गाउँपालिकाका पाँच, भानु नगरपालिकाका पाँच, व्यास नगरपालिकाका सात, म्याग्दे गाउँपालिकाका तीन, शुक्लागण्डकी नगरपालिकाका पाँच, भिमाद नगरपालिकाका छ, ऋषिङ गाउँपालिकाका चार, घिरिङ गाउँपालिकाका चार विद्यालय छनोट भएका छन् ।

कार्यक्रमका लागि देवघाट गाउँपालिकास्थित आदर्श शिक्षा माविको चार कोठे भवनका लागि ३६ लाख, कालिका माविमा दुई कोठे भवनका लागि १८ लाख, जुनोदय आविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार र पार्वती माविमा कम्प्युटर प्रयोगशालाको लागि ६ लाख ५० हजार रूपैयाँ विनियोजन भएको छ।

आँबुखैरेनी गाउँपालिकास्थित

**तनहुँको १० वटा पालिकाबाट ४७ वटा विद्यालय छानिएका छन्। देवघाट गाउँपालिकाका चार, आँबुखैरेनी गाउँपालिकाका चार, बन्दीपुर गाउँपालिकाका पाँच, भानु नगरपालिकाका पाँच, व्यास नगरपालिकाका सात, म्याग्दे गाउँपालिकाका तीन, शुक्लागण्डकी नगरपालिकाका पाँच, भिमाद नगरपालिकाका छ, ऋषिङ गाउँपालिकाका चार, घिरिङ गाउँपालिकाका चार विद्यालय छनोट भएका छन् ।**

रामशाह माविमा विज्ञान प्रयोगशालाका लागि १० लाख, कन्यादेवी माविमा चार कोठे भवनका लागि ३६ लाख, लक्ष्मी माविमा दुई कोठे भवनका लागि १८ लाख र मर्स्याङ्दी सामुदायिक आधारभूत विद्यालयमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार रूपैयाँ विनियोजन भएको छ ।

यस्तै, बन्दीपुर गाउँपालिकाको शिवशक्ति आविमा दुई कोठे भवनका लागि १८ लाख, झारगाउँ आविमा चार कोठे भवनका लागि ३६ लाख, चन्द्रोदय आविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार, जगदीश्वर आविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार र विष्णु माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार रूपैयाँ विनियोजन भएको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले जानकारी गराएका छन् ।

कार्यक्रमका लागि भानु नगरपालिकाको होमराज लोहनी शारदा शिक्षा सदनमा चार कोठे भवनका लागि ३६ लाख, सरस्वती सदन माविमा दुई कोठे भवनका लागि १८ लाख, राष्ट्रिय माविमा चार कोठे भवनका लागि ३६ लाख, भानु संस्कृत माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार र पुर्कोट माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार रूपैयाँ विनियोजन भएको नगरपालिकाका शिक्षा अधिकारी ध्रवराज पौडेलले जानकारी गराए।

त्यस्तै, व्यास नगरपालिकाको शिव माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार, जलदेवी माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार, इन्दु माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार, उदय माविमा दुई कोठे भवनका लागि १८ लाख, वाराही माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार, निर्मल माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार र चण्डिदेवी माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार विनियोजन भएको छ । म्याग्दे गाउँपालिको मिन माविमा चार कोठे भवनका लागि ३६ लाख, राधा माविमा दुई कोठे भवनका लागि १८ लाख र महेन्द्र माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार विनियोजन भएको छ ।

शुक्लागण्डकी नगरपालिकाको तालवेशी माविमा चार कोठे भवनका लागि ३६ लाख, जनप्रेमी माविमा दुई कोठे भवनका लागि १८ लाख, खैरेनी माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार, छब्दी माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार र शहीदकृष्ण माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार रूपैयाँ विनियोजन भएको छ ।

यस्तै, भिमाद नगरपालिको मंगलोदय माविमा चार कोठे भवनका लागि ३६ लाख, रघु माविमा दुई कोठे भवनका लागि १८ लाख, दिपक माविमा चार कोठे भवनका लागि ३६ लाख, पृथ्वी माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार, शंकर माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार र अरूणोदय माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार रूपैयाँ विनियोजन भएको छ ।

ऋषिङ गाउँपालिकास्थित बाल विकास माविमा चार कोठे भवनका लागि ३६ लाख, शहीद गङ्गा माविमा दुई कोठे भवनका लागि १८ लाख, श्रृङ्ग माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार, अम्मर माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार विनियोजन भएको छ । घिरिङ गाउँपालिकाको पशुपतिनाथ आविमा दुई कोठे भवनका लागि १८ लाख, कामधेनु माविमा चार कोठे भवनका लागि ३६ लाख, महेन्द्रज्योति माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार र कृष्ण माविमा कम्प्युटर प्रयोगशालाका लागि ६ लाख ५० हजार रूपैयाँ विनियोजन भएको छ ।

यस कार्यक्रममा सहभागि हुनका लागि देशका ७३७ स्थानीय तहबाट १३ हजार ४७३ विद्यालयले प्रस्ताव पठाएका थिए । जसमा सात हजार ९८६ विद्यालयले भवन निर्माण, चार हजार २३५ विद्यालयले आइसिटी ल्याब, ११७ विद्यालय नयाँ प्राविधिक धार, प्राविधिक विद्यालय ल्याब व्यवस्थापन १८८ र घेराबार खेलमैदानमा ९४७ विद्यालयले आवेदन दिएका थिए । गण्डकी प्रदेशमा यस कार्यक्रमका लागि १३० विद्यालय चारकोठे, १२५ दुईकोठे, २५५ आइसिटी ल्याब, १३ प्राविधिक ल्याब छनोट भएका छन् ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यन्वयनका लागि विद्यालय छनौटसंगै मापदण्डहरू समेत सार्वजनिक गरेको छ । छनौट भएका विद्यालय र कार्यक्रमहरू सबै स्थानीय तह र विद्यालयले कार्यान्वयन गर्नुपर्नेछ। सो कार्यक्रममा छनोट भएका विद्यालय र कार्यक्रमका लागि संघीय सरकारले चाँडै सम्बन्धित स्थानीय तहमा निकास गर्ने शिक्षा विभागले जनाएको छ । छनौट भएका विद्यालयहरूमा कक्षाकोठा निर्माण, खानेपानी सहितको शौचालय, कम्प्युटर ल्याब, पुस्तकालय तथा विज्ञान प्रयोगशाला, सिकाई तथा विभिन्न प्राविधिक विषयहरू समेटिएका छन्।

## facebook twitter



**सानी**
twitter.com/sani_sharma1

संसारका प्रत्येक मानिस आफ्नै स्वभाव, ब्यबहार र मानसिकता अनुसार जीवन जीउन रूचाउँछन्, र जवसम्म स्वयम आफुलाई बदलिन तयार हुदैनन, तबसम्म कसैलाई बदल्नको लागी सयौ बाटोहरू देखाऊ वा हजारौ अनुभवहरू सुनाऊ जब भित्रैवाट वदलिन तयार हुदैन नी संसारमा कसैले पनि कसैलाई बदल्न सकिदैन !



**सविन के.सी**
twitter.com/kcsabin2014

हामीलाई चिन्ने सबैभन्दा सुन्दर व्यक्ति ती हुन जसले पराजय, दुःख, संघर्ष र समस्याहरू गहिराइबाट बुझेर आफ्नो मार्ग पत्ता लगाएका छन् ! त्यसैले हामिले पनि तिनैलाई प्रेरणा बनाउं जो आफ्नो धरातलिय स्वरूपलाई हमेसा आत्मसाथ गर्छन् । सुख भोगमा रमाउनेहरू त वास्तविकताको महसुस गर्नै चाहदैनन् ।



**किरण**
twitter.com/RunThapaliya

तपाईंको मुस्कानले तपाईंलाई सकारात्मक अनुहार दिनेछ जसले तपाईंका वरपरका असल मित्रहरूलाई खुसी बनाउँदछ भने शत्रुहरु जलन गराँउछ, त्यैसैले मुस्कुराउनु होस् कठिनाइहरूमा पनि ।



**सञ्जय कोइराला**
twitter.com/sanjaykoiralapk

चौतर्फि प्रश्नको ताल हो अनि अनुत्तरको गँगा हो जिन्दगी, कहिले प्रश्नै प्रश्नको चपेटामा पर्छ भने कहिले सटिक उत्तरले स्फुर्त बनाउँछ । यसै क्रममा कोहि सहजै यात्रा तय गर्छन त कोहि शिथिल भै बस्छ्न । अर्थात हरेक यात्राको अन्तिम गन्तव्य र हरेक प्रश्नको अन्तिम उत्तर हजुर आफै स्वयम हो ।

# नयाँ शैक्षिक सत्रको पठनपाठन जेठदेखि

**भञ्ज्याङ समाचारदाता**/काठमाडौं

सरकारले नयाँ शैक्षिक सत्रको विद्यालय पठनपाठन आगामी जेठ १ गतेदेखि संचालन गर्ने निर्णय गरेको छ यद्यपि शैक्षिक सत्र भने वैशाखदेखि नै सुरू हुने जनाएको छ । शिक्षामन्त्री देवेन्द्र पौडेलको अध्यक्षतामा बुधबार बसेको बैठकले सो निर्णय गरेको हो । शिक्षामन्त्रीका प्रेस संयोजक विमल खड्काका अनुसार बैशाखदेखि नयाँ शैक्षिक सत्र सुरू गर्ने र जेठ १ गतेदेखि पढाइ सुरू गर्ने निर्णय भएको छ।

कतिपय जिल्लामा कोरोना भाइरस महामारीको जोखिम कायमै रहेको र सरकारले बैशाख ३० गते स्थानीय चुनाव घोषणा गरिसकेको अवस्थालाई मध्यनजर गर्दै जेठदेखि पढाइ सुरू गर्ने निर्णय मन्त्रालयले गरेको हो । कोरोनाको तेस्रो लहरले बन्द रहेका शैक्षिक संस्थामा फागुन १ गतेदेखि भौतिकरूपमा पठनपाठन सुरू भएको छ ।

# तनहुँको डिभिजन वन कार्यालय उत्कृष्ट बन्यो

**भञ्ज्याङ समाचारदाता**/दमौली

गण्डकी प्रदेशले तनहुँको डिभिजन वन कार्यालयलाई उत्कृष्ट कार्यालयका रूपमा पुरस्कृत गरेको छ । प्रदेश सरकार मातहत जिल्लास्तरमा रहेका कार्यालयहरू मध्ये डिभिजन वन कार्यालय तनहुँ सर्वोत्कृष्ट घोषित हुन सफल भएको हो । प्रदेश सरकारको चौथो स्थापना दिवसको अवसरमा बुधबार वन कार्यालय उत्कृष्ट भएको घोषणा गरिएको डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्लेले बताए ।




नमूना कार्यालय मापदण्ड, २०७६ बमोजिम यस वर्षको नमूना कार्यालयको रूपमा डिभिजन वन कार्यालय तनहुँलाई घोषणा गरिएको छ । यो कार्यालय गत वर्ष पनि उत्कृष्ट कार्यालय बन्न सफल भएको थियो ।

www.bhanjyangnews.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४